# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पक्रौली, कपिलवस्तु
(५ नं. प्रदेश, नेपाल)

www.mayadevimunkapilvastu.gov.np
mayadevirm@gmail.com

## सेवा करारमा कर्मचारी पदपूर्ती सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७६/ ०७ /०४

यस गाउँपालिकाको आ ब ०७६/०७७ को बजेट स्वीकृत अनुसार गाउँपालिका अन्तर्गत विभिन्न स्वास्थ्य संस्थाहरुमा तपसिलको विज्ञापनमा उल्लेखित पदहरुमा सेवा करारवाट पद पूर्ती गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १० (दश) दिन भित्र कार्यालय समयमा राजस्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त दिनु हुन सम्बन्धित सबैको लागी यो सूचना प्रकाशन गरिएको छ ।दरखास्त फारम यस कार्यालयको वेवसाईट www.mayadevimunkapilvastu.gov.np वाट डाउनलोड गरी वा यस कार्यालयवाट प्राप्त गर्न सकिनेछ । म्याद नाघी दरखास्त प्राप्त हुन आएमा सो दरखास्त उपर कुनै कारवाही हुनै छैन ।

| विज्ञापन नं. | विज्ञापन गरिएको पद | आवश्यक संख्या | दरखास्त दस्तुर | परीक्षाको किसिम | सेवा किसिम |
|---|---|---|---|---|---|
| ०३/०७६/०७७ | अ.हे.ब. चौथो | १ | रु.५००।- | छोटो सूची प्रकाशन र अन्तर्वार्ता | करार |
| ०४/०७६/०७७ | ल्याब असिस्टेन्ट चौथो | २ | रु. ५००।- | छोटो सूची प्रकाशन र अन्तर्वार्ता | करार |
| ०५/०७६/०७७ | कार्यालय सहयोगी | १ | रु.२००।- | छोटो सूची प्रकाशन र अन्तर्वार्ता | करार |

अन्तर्वार्ताः गाउँ कार्यपालिकाको कार्यालयले तोकेको मितिमा हुनेछ ।

आवश्यक न्यूनतम शैक्षीक योग्यताः

(१) अ.हे.ब. पदको लागीः मान्यता प्राप्त शैक्षिक संस्थावाट अ.हे.ब. कोर्ष उत्तिर्ण गरि नेपाल स्वास्थ्य व्यवसायिक परिषदमा दर्ता भएको हुनु पर्नेछ ।

(२) ल्याब असिस्टेन्ट पदको लागीः मान्यता प्राप्त शैक्षिक संस्थावाट ल्याब असिस्टेन्ट कोर्ष उत्तिर्ण गरि नेपाल स्वास्थ्य व्यवसायिक परिषदमा दर्ता भएको हुनु पर्नेछ ।

( ३) कार्यालय सहयोगीको लागी मान्यता प्राप्त शिक्षण संस्थावाट कम्तिमा ८ कक्षा उत्तिर्ण गरेको हुनु पर्ने

दरखास्तमा संलग्न गर्नु पर्नेः उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानुन बमोजिम काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरि प्रमाणित गर्ने ।

उमेदवार छनोटका आधारहरुः मायादेवी गाउँपालिका करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७४ बमोजिम हुनेछ ।

दरखास्त दिने अन्तिम मितिः २०७६/०७ /१३ गते कार्यालयको समय भित्र । उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट वा सो पछि कार्यालय खुलेको पहिलो दिन कार्यालय समय भित्र ।

उमेरः १८ बर्ष पुरा भएको ।

तलब स्केलः सेवा करार सम्झौतामा तोकिए बमोजिम हुनेछ ।

काम गर्नु पर्ने स्थानः गाउँ कार्यपालिकाको कार्यालयले तोकेको स्वास्थ्य संस्था ।

२०७६।७।४

राम चन्द्र ढकाल

प्रमख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत